जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी
राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ११ | अंक : १९० | २०८२ साल माघ १३ गते मंगलवार | Tuesday 27, Jan. 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## उम्मेदवार र दलको चुनावी खर्चको हेर्न निर्वाचन आयोगले तोक्यो अनुगमन अधिकृत



*निवाचन अयोग ।* फाइल तस्वीर

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दल तथा तीनका उम्मेदवारहरु गर्ने चुनावी खर्चको निगरान गर्ने भएको छ।

निवार्वतआयोगले दल र उम्मेदवारहरुले गर्ने खर्चलाई अनुगमन गर्नका लागि अनुगमन अधिकृत तोकिएको हो। निर्वाचन आयोगले राजनीतिक वित्त तथा निर्वाचन खर्चको विषयमा अनुगमन गर्ने १० वटा विषयमा अनुगन गर्ने शर्तहरु सहित प्रमुख कोष नियन्त्रकलाई अनुगमन अधिकृतका रुपमा अनुगमन अधिकृ निर्वाचन आयोगले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रकलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकेको हो। निर्वाचन आयोगले प्रमुख कोष नियन्त्रकलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको लागि १० वटा कार्य शर्तहरू रहेसमेत तय गरेर गरेको छ।

**आयोगले**

निर्वाचन (कसुर तथा सजाय ऐन २०७३ को दफा २७ को व्यवस्था कार्यान्वयनको लागि राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचारप्रसारका लागि प्रचलित निर्वाचन कानुन विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिए नलिएको वारे आवश्यक सूचना संकलन गर्ने लगेछ जस्ता सर्तहरु तया गरेको छ।

## वीरगञ्जस्थित एसबी ट्रेडिङमा प्रहरी छापा २५ लाखभन्दा बढीको भन्सार छलीको सामग्री बरामद

*साझेदारी संवाददाता*
*वीरगञ्ज, १२ माघ*

पर्साको वीरगञ्जमा प्रहरीले २५ लाख रुपैयाँभन्दा बढी मूल्य



बराबरको विभिन्न सामग्री बरामद गरेको छ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर-७ अन्तर्गत रेल्वे रोडमा रहेको एसबी ट्रेडिङको गोदाममा प्रहरीले छापामारी गरेको हो।

प्रहरीले विशेष सूचनाको आधारण उक्त ट्रेडिङको गोदाममा छापामारी गर्दा करिब २५ लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको भन्सार छलेर ल्याइएका विभिन्न सामग्री बरामद गरेको छ।

वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको प्रहरी टोलीले गोदाममा खानतलासी गर्दा बिल-बिजक शङ्कास्पद देखिएका सामग्री जफत गरेको वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विक्रम सुबेदीले बताए। उनका अनुसार गोदामबाट बेलुन, ब्याण्डेज, तास, पेन्सिल, रबर, गुच्चा, इरेजर, लाइटरलगायतका सामान दुई ट्रक परिमाणमा बरामद गरिएको जनाए। भन्सार छलीका सामान सहित प्रहरीले आवश्यक कागजात शङ्कास्पद देखिएपछि सामान जफत गरिएको जनाएको छ। प्रहरीले बरामद गरिएको उक्त सामग्रीको बजार मूल्य करिब २५ लाख रुपैयाँभन्दा बढी रहेको प्रहरीले जनाएको छ।

बरामद गरिएका सबै सामग्री आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाइएको वडा प्रहरीले जानकारी दिएको छ।

## पचपन्न किलो लागु औषध गांजा सहित सुरेश श्रेष्ठ पक्राउ

*साझेदारी संवाददाता*
*वीरगञ्ज, १२ माघ*

पर्सा प्रहरीले पर्साको ठोरी गाउँपालिका वडा नं.४ का ३४ वर्षीय सुरेश श्रेष्ठलाई प्रतिबन्धित लागु औषध गाँजा ५५ किलो सहित पक्राउ गरेको छ।जिल्ला प्रहरी कार्यालय पर्सा अनुसार ठोरी गाउँपालिका वडा नं.४ बिशाल चोक स्थित श्रेष्ठको घरबाट सो पदार्थ प्रहरीले खान तलाशीको क्रममा बरामद गरेको हो। एक तल्ले घरमा लागु औषध बिक्री वितरण तथा भण्डारण गरेको छ,भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरी टोलीले श्रेष्ठको घर खानतलासी गरेको हो।



*बरामद गाँजा ।* फोटोः पर्सा प्रहरी

श्रेष्ठको घरबाट लागु औषध गाँजा प्लाष्टिक सहित ५ पोकामा ५५ के.जी.फेला परेको हो। बरामद लागु औषध गाँजा सहित श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको हो। उनीमाथि लागु औषध सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट दिन(१० (दश) म्याद थप गराई थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## छठियारीमाई कृषि सहकारी संस्था लिमिटेडको यादवले गरे उद्घाटन

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

जनता समाजवादी पार्टी ( जसपा) नेपालका तर्फबाट बारा क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार रामकिशोर प्रसाद यादवले करैयामाई गाउँपालिका(५ तेतरियामा छठियारीमाई कृषि सहकारी संस्था लिमिटेडको उदघाटन गरेका छन्।

स्थानीय कृषक, सदस्य तथा विभिन्न सरोकारवालाहरूको उपस्थितिमा एक समारोहविच यादवले सहकारीको उद्घाटन गरेका हुन्।

आधुनिक कृषि प्रविधि, सहकारी व्यवस्थापन र आर्थिक सशक्तिकरण गर्ने उद्देश्यका साथ



*सहकारी उद्घाटनको अवसरमा महानुभावहरु ।* फोटोः साझेदारी

सहकारीको स्थापना गरिएको हो। उक्त अवसरमा करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भु प्रसाद यादवको विशेष उपस्थिति थियो।

## फेरि मौसम बदलीको अर्को प्रणाली भित्रिंदै

*काठमाडौँ, १२ माघ*

पश्चिम नेपालमा वर्षा र हिमपात गराएर फर्किएको केही दिनमै फेरि पश्चिमी न्यून चापीय प्रणालीको असर नेपालमा देखिने भएको छ।

आज रातिबाटै सुदुरपश्चिम क्षेत्रबाट प्रवेश गर्ने यसपालिको न्यून चापीय प्रणालीले काठमाडौँ उपत्यकासमेत छुने र हल्का वर्षा गराउने भएको जनाइएको छ। जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार यो प्रणालीले बुधबार भने देशैभरि असर पार्ने छ। तराइका भूभागमा भने केही कम असर पार्ने जनाइएको छ।

मौसमविद् पौडेलले रासससँग भन्नुभयो, "पर्सी बुधबार काठमाडौँमा पनि हल्का वर्षा हुन्छ की

**बाँकी तेस्रो पृष्ठमा**

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बीस वर्ष पछि पक्राउ

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

पर्सा प्रहरीले कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई २० वर्ष पछि पक्राऊ गरेको छ।

पक्राउ पर्नेमा पर्सा बिरिन्चिवर्वा गा.बि.स. वडा नं. २ ( हाल परिवर्तित कालिकामाई गा.पा. वडा नं. ५) का ४३ वर्षीय दिनेशकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

२०६२ फागुन १३ गते जिल्ला पर्सा बिरिन्चिवर्वा गा.बि.स. वडा नं. २ हाल कालिकामाई गाउँपालिका वडा नं.५ स्थितमा अंशवण्डाको विषयमा वादविवाद भएको

**बाँकी तेस्रो पृष्ठमा**

एक–आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं ।
फेटा गाउँपालिकाको कार्यालय,फेटा बाराद्वारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# कुष्टरोग सन्दर्भमा सामाजिक सोच बदल्न आवश्यक

कुष्टरोग एक प्रकारको विषाणुले मानिसमा हुने गर्छ। यो रोग प्राचीन समय देखि नै मानिसमा हुदै आएको हो। हाम्रो समाजमा यस रोगलाई पाँच दशक अघिसम्म महापापको रुपमा लिने गरिन्थ्यो। धार्मिक मान्यताका कारण कुष्टरोग लागेको थाहा भएपछि त्यस समय मानिसले कुष्टरोगीलाई गाउँ निकाला गर्थे। अनेकन गाली गलोज पनि गर्थे। व्यक्ति अत्यन्त निरीह हुन्थे। उनीहरुको जीवन दुभर थियो। भिक्षा माग गरेर जीवन विताउन उनीहरु बाध्य थिए। कुष्टरोगको उपचार हुन सक्छ। कुष्टरोग विरुद्ध औषधि रहेको छ। यसलाई प्रयोग गरे यसबाट मानिस मुक्त हुन्छन्। विश्वको कतिपय देश कुष्टरोगबाट मुक्त भइसकेको छ। यस विरुद्ध अभियान नै चलेको थियो। हाम्रो जस्तो परम्पारिक समाजमा कुष्टरोगलाई लुकाउने चलन छ। कुष्टरोग महापाप मानिने परम्परागत विश्वासको कारण मानिसले यस रोगलाई लुकाउने चलन छ। जस्को कारण कुष्टरोग उन्मुलनको अभियान बारम्बार चलाउनु परेको हो।

विश्व कुष्टरोग दिवसका अवसरमा पचरौतामा आयोजित कार्यक्रमले कुष्टरोगभन्दा गहिरो समस्या समाजको सोच रहेको निष्कर्ष दिएको छ। औषधि सहज रूपमा उपलब्ध भए पनि सामाजिक लाञ्छना र विभेद अझै ठूलो चुनौती बनेको हो। कुष्टरोगको छ औषधि, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती" भन्ने नारासहित लेप्रोसी मिसन नेपालको आयोजनामा तथा पचरौता नगरपालिका जनस्वास्थ्य कार्यालय, बाराको सहयोगमा भएको कार्यक्रममा यस्तो निष्कर्ष निकालिएको हो। कुष्टरोगबारे विद्यमान गलत बुझाइ र सामाजिक उपेक्षा यहाँको मूल समस्या हो।स्वयं सहायता समूहका सदस्यहरूले औषधि सेवनपछि रोग निको भए पनि समाजको व्यवहारले पीडा कायम रहने गरेको छ। कुष्टरोगलाई रोगभन्दा पनि सामाजिक बहिष्कारको विषयका रूपमा हेरिने प्रवृत्ति अझै कायम रहेको पाइएको छ। यस्तो सोच नहटेमा पीडितको जीवन सहज नहुने अवस्था रहेको छ।

बारा जिल्लामा हालसम्म ९३ जनाले १२ महिने औषधि सेवन पूरा गरेका छन्। १९ जनाले छ महिने औषधि सेवन गरिरहेका छन्। औषधि पहुँचमा सुधार आए पनि सामाजिक स्वीकार्यता अझै चुनौतीपूर्ण रहेको छ। जनस्वास्थ्य कार्यालयका अनुसार बारा जिल्ला कुष्टरोगको हटस्पोट(१ क्षेत्रमा पर्दछ। जीतपुरसिमरा उपमहानगरपालिका हटस्पोट(२ क्षेत्रका रूपमा रहेको छ। यसले तराई क्षेत्रमा कुष्टरोगको जोखिम अझै कायम रहेको देखिएको छ।हाल पर्सा जिल्लामा २४ जना कुष्टरोगी नियमित औषधि सेवन गरिरहेका छन्। औषधि नियमित सेवन, रोग लुकाउनु नपर्ने र विभेदविरुद्ध समुदाय एकजुट हुनुपर्ने अवस्था रहेको छ। कुष्टरोग केवल स्वास्थ्य समस्या होइन।सामाजिक चेतनाको विषय हो। औषधिले रोग निको पार्न सक्छ। समाजको दृष्टिकोण नबदलिएसम्म पीडितको जीवन पूर्ण रूपमा सहज हुन सक्दैन।कुष्टरोग कुनै पाप होइन। यो निको हुने रोग हो। परम्परागत मान्यताको त्याग हुनुपर्छ। समाजले नै यस्को त्याग गर्न आवश्यक रहेको छ। कुष्टरोग सन्दर्भमा सामाजिक सोच बदल्न आवश्यक रहेको छ।

# दल र उम्मेदवारका "एजेन्डा" माथि मतदाताको चासो

नारायण न्यौपाने/अशोक घिमिरे

*काठमाडौँ, १२ माघ*

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन आउन ३८ दिन बाँकी रहँदा अधिकांश उम्मेदवार मतदातालाई विश्वास लिई चुनावी परिणाम आफ्नो पक्षमा पार्न निर्वाचन क्षेत्र पुगिसेका छन् ।

मुलुकमा विशेष परिस्थितिका कारण यसपटक हुन लागेको आमनिर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरू के-कस्ता 'एजेन्डा' लिएर आउँछन् र कसरी प्रस्तुत हुन्छन् भन्ने विषयमा आममतदाता विभिन्न अड्कलबाजी गरिरहेका छन् ।

अघिल्ला निर्वाचनको तुलनामा यसपटक पुराना दल र नयाँ दल, पुराना उम्मेदवार र नयाँ उम्मेदवारका विषयमा सहर र गाउँमा मात्रै होइन, चोक र चिया पसलमा समेत आ-आफ्नो कोणबाट चर्चापरिचर्चा गरिरहेको पाइन्छ । कसिलो बन्दै गएको निर्वाचन आचारसंहिता र प्रविधिको बढ्दो प्रयोगका कारण अहिले चुनाव प्रचारमा 'डिजिटल शैली' अपनाउन थालिएको छ ।

जसले गर्दा विगतमा आमसभामार्फत आफ्ना एजेन्डा प्रस्तुत गर्ने र उठेका विषयवस्तुबारे स्पष्ट पार्ने कार्य अहिले सामाजिक सञ्जाल दह्विलो माध्यम बनेको छ । उम्मेदवारहरूले भौतिक रूपमा सम्भव नभएको अवस्थामा सामाजिक सञ्जाललाई नै चुनाव प्रचारको माध्यम बनाएका छन्।

औपचारिक रूपमा आगामी फागुन ३ देखि १८ गतेसम्म मात्रै निर्वाचन प्रचारप्रसार गर्न पाइन्छ । उम्मेदवारी दर्ता भएका दिनदेखि नै उम्मेदवारहरू आ-आफ्नो ढङ्गले मतदातासँगको साक्षात्कारमा पुगेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीका नेता एवं सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधव सापकोटा उम्मेदवारलाई मतदातालाई कसरी खुसी पार्ने भन्ने दबाबका बीच विधायिकाको भूमिका पनि बुझाउने प्रयासमा रहेको बताउनुहुन्छ ।

"सहरी क्षेत्रका मतदाता परिवर्तन, सुशासनलगायत मुद्दामा केन्द्रित हुनुन्छ भने ग्रामीण क्षेत्रमा त्यहाँको पूर्वाधार र विकास निर्माणमा जोड छ । कानुन निर्माणको विषयमा कम चासो व्यक्त भएको छ", मतदातासँगको साक्षात्कारमा रहनुभएका नेता सापकोटाले भन्नुभयो।

उहाँका अनुसार नवपुस्ताले विभिन्न समृद्ध मुलुकसँग तुलना गरेर उम्मेदवारसँग प्रश्न गर्ने गरेका छन् । नयाँ पुस्ताको तीव्र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्छ । सो क्षेत्रमा स्वतन्त्र र राजनीतिक दलका गरी १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।



"अघिल्लो र अहिलेको निर्वाचन नितान्त नयाँ पृष्ठभूमिमा हुन लागेकाले यो निरन्नता मात्रै नभई विशेष प्रकृतिको निर्वाचन हो, अघिल्ला निर्वाचन निरन्ततामा नियमितता थियो । यो आकस्मिकता र विशेष परिस्थितिमा भएको हुन लागेको छ", उहाँले भन्नुभयो ।

मतदाता परिवर्तन र सक्षम उम्मेदवार छनोटको 'मुड'मा रहेको आफूले पाएको नेता सापकोटाले बताउनुभयो । "वर्षौंदेखि कुनै पार्टीमा आबद्धता भएका मतदाता पनि उम्मेदवारलाई हेरेर मतदान गर्छौं भन्ने विचारमा हुनुहुन्छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता एवं मकवानपुर निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बर्तौलाले मतदातासँगको अन्तरक्रियामा पाँच वर्षका लागि निर्वाचित गरेर पठाएकामा ३२ महिना पुग्दा नपुग्दै पुनः निर्वाचनमा फर्कने स्थिति कसका कारण बन्यो भनेर जिज्ञासा राख्ने गर्नुभएको बताउनुभयो ।

उहाँका अनुसार विगतका तुलनामा पछिल्लो समय निर्वाचित जनप्रतिनिधिहरू बेलाबखत गाउँ फर्केर जनताका माझमा पुग्ने अवस्थालाई मतदाताले सकारात्मक रूपमा लिएका छन् । "सैद्धान्तिक हिसाबले जनप्रतिनिधि कानुन र विधि निर्माता हुन् । तर सांसदलाई नै विकास निर्माणको अगुवामा मानेर खेलमैदान, धारा, पानी, सिँचाइ, मन्दिर, गुम्बा, अस्पताल, बाटो, विद्यालयलगायतको माग सम्बोधन गर्नुपर्छ भन्ने कतिपय मतदाताको भावना रहेको छ", नेता बर्तौलाले भन्नुभयो । मतदातासँगको अन्तरक्रियामा नवपुस्तालाई राष्ट्रिय मामिला, स्वाधीनता, भौगोलिक अखण्डताका विषयमा अझ बढी साक्षात्कार गर्नुपर्ने महसुस भएको जनाउँदै उहाँले शासकीय प्रबन्ध, संवैधानिक व्यवस्था, दलीय व्यवस्थाका विशेषता, कार्यप्रकृति, लोकतान्त्रिक मूल्य मान्यता, संसद्, संसदीय मामिला र सांसदको भूमिकाका बारेमा बुझाउन ठूलो मेनहत गर्नुपर्ने बताउनुभयो ।

नेता बर्तौलाले भन्नुभयो, "सहिष्णुता र हार्दिकताभन्दा कुनै दल विशेषको छाताभित्र रहेर नै पनि कतिपय दल र उम्मेदवारप्रति आलोचना, आवेग, उत्तेजना, भड्काउजस्ता दृष्टिकोण समाजमा प्रकट गर्न खोजिनु अव्यावहारिक छ । त्यसमा सुधारको खाँचो छ ।"

संसद्ले बजेट बनाउने हुँदा मतदाताले उठाएका विकास निर्माणसम्बन्धी माग सम्बोधन गर्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्ने बताउँदै उहाँले संसद्मा रहँदा गुणस्तरीय कानुन निर्माणमा जनप्रतिनधिले कति ध्यान दियो भन्ने प्रश्न भने अत्यन्त कमजोर रहेको छ भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं धनुषा निर्वाचन क्षेत्र नं ३ उम्मेदवार मनिष झा निर्वाचनप्रतिको उत्साह र परिवर्तनको माहोल राम्रो देखिएको प्रतिक्रिया दिनुहुन्छ । "अधिकारको लडाईं लडिरहेको मधेसले कार्यकारी भूमिकामा मधेस पुत्र पुग्दै गर्दा त्यो अवसरलाई गुमाउन हुँदैन भन्ने आमबुझाइ छ", उहाँले भन्नुभयो, "हामीले 'डेलिभरी' दिन तयार छौं, त्यही कुरा मात्रै उनीहरूको माग छ ।"

मतदाताको ठूलो माग नभएकाले विमानस्थल होइन, सडकमा किन खाल्डो छ भन्ने कुरा सोधिरहेको उल्लेख गर्दै नेता झाले विकास निर्माणको लागतअनुसारको गुणस्तर कामय नहुनुले भ्रष्टाचार भइरहेको छ भन्ने जनताको बुझाइ गलत नभएको बताउनुभयो ।

भ्रष्टाचार न्यूनीकरण, सुशासनसँगै सार्वजनिक यातायात र सेवा प्रवाहमा सहजीकरण होस् भन्ने जनताको माग रहेको उल्लेख गर्दै उहाँले मुलुक सङ्घीयतामा गइसकेपछि केन्द्रीकृत रहेको सेवा प्रवाहलाई पनि विकेन्द्रीत गर्नुपर्छ भन्ने जनआवाज अझै आफूले पाइरहेको जानकारी दिनुभयो ।

सो निर्वाचन क्षेत्रमा पाँच पालिका र ३८ वटा वडा रहेको छ ।

नेपाली कांग्रेसका नेता एवं रौतहट निर्वाचन क्षेत्र नं ४ का उम्मेदवार देवप्रसाद तिमिल्सिनाले आर्थिक अवस्था कमजोर रहेको देशमा खर्चिलो चुनाव पटकपटक हुँदा विकास निर्माणका लागि प्रयोग गर्नुपर्ने बजेट प्रभावित हुने विषयमा मतदाताबाट चासो र चिन्ता प्रकट भएको बताउनुभया । उहाँले भन्नुभयो, "त्यो रकम विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानीमा लगानी गर्न पाए हुन्थ्यो भन्ने जनभावना छ, पाँच वर्षका लागि चुनेर पठाएका थियौं, बीचैमा फर्केर फेरि मत माग्न आउनुभयो । देश र जनताको पक्षमा समयमै जेजस्तो काम गर्नुपर्थ्यो, त्यो समयमै नहुँदा यो अवस्था आएको हो कि भन्ने मतदाताको जिज्ञासा छ ।"

निर्वाचनमा सफलता प्राप्त भएमा जनताको भावनालाई आगामी दिनमा पनि सदनमा उठाउन आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै नेता तिमिल्सिनाले पछिल्लो समय उम्मेदवारभन्दा पनि मतदाता हरेक हिसाबले सजग र सचेत बन्दै गएको आफूले पाएको बताउनुभयो । "शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जिल्लाको मुख्य प्राथमिकता हुन् । निर्वाचनमा जनतामा निर्णायक भएकाले उहाँहरू रोजाइका आधारमा निर्वाचित हुने हो । नयाँ नेतृत्वसहित नयाँ एजेन्डा लिएर कांग्रेस अघि बढेको छ । यसपटक जनताको अपेक्षा पूरा गर्न सक्छौं भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेत्री एवं सल्यान निर्वाचन क्षेत्र नं १ का उम्मेदवार अनिशा नेपाली गाउँमा गएर मतदातासँग भेटघाटको क्रम चलिरहेको बताउनुभयो । "आफूहरूले उठाएका विकास पूर्वाधारका काम पूरा नभएको भन्ने जनगुनासो छ । भौतिक पूर्वाधार, जनजीविकाका सबाल सम्बोधन भएनन् भन्ने भागलाई आफू विजयी भएको खण्डमा पूरा गर्नेछु", उहाँले भन्नुभयो । रासस

# महोत्तरीबाट सात पूर्वमन्त्री चुनावी मैदानमा

*जलेश्वर, १२ माघ*

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लाबाट सात पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । चार निर्वाचन क्षेत्र रहेको महोत्तरी क्षेत्र नं-१ बाट एक, क्षेत्र नं-२ बाट एक, क्षेत्र नं-३ बाट दुई र क्षेत्र नं-४ बाट तीन पूर्वमन्त्री चुनावी मैदानमा होमिएका छन् ।

जिल्लाको क्षेत्र नं १ बाट पूर्वस्वास्थ्य तथा जनसङ्ख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट चुनाव लड्दै हुनुहुन्छ । उहाँसँगै यस क्षेत्रमा नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले चुनावी मैदानमा हुनुहुन्छ । त्यस्तै क्षेत्र नं २ बाट पूर्वश्रम रोजगार तथा यातायातमन्त्री शरत्सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा हुनुहुन्छ । उक्त क्षेत्रमा नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले) का कासिम नदाफ पनि प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । त्यस्तै क्षेत्र नं-३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा हुनुहुन्छ । यादवलाई जसपा नेपालले टिकट नदिएपछि उहाँले स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको हो भने रिजवानले नेपाल सङ्घीय समाजवादी पार्टीबाट चुनावी मैदानमा हुनुहुन्छ । सो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, नेपाली कांग्रेसका बजरङ्ग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वलकुमार झा र नेकपा (एमाले) का मनोजकुमार सिंहसँग प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । त्यसैगरी निर्वाचन क्षेत्र नं ४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय,

बाँकी तेस्रो पृष्ठमा

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY



# अस्पतालमा राखिएको शव अर्कैले लिएर अन्त्यष्टि गरेपछि...

*सिरहा, १२ माघ*

लहानस्थित प्रादेशिक अस्पतालमा परीक्षणका लागि राखिएको शव लिएर अर्कैले अन्त्यष्टि गरिएको छ । जिल्लाको गोलबजार नगरपालिका-३ जम्दहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाटै अर्कै परिवारले लिएर अन्त्यष्टि गरेको हो ।




गत शनिबार आत्महत्या गरेको भनिएकी बानियाँको शव 'पोष्टमार्टम'का लागि प्रादेशिक अस्पतालमा राखिएको थियो, तर अस्पतालले अर्कै परिवारलाई शव बुझायो ।

रोजगारीको सिलसिलामा विगत दुई वर्षदेखि भारतको मुम्बईमा रहेका मृतकका आमाबुवा छोरीको मृत्युको खबर सुनेलगत्तै नेपाल फर्किए । आज बिहान छोरीको अन्तिम संस्कारका लागि शव लिन अस्पताल पुग्दा त्यहाँ शव फेला पारेनन् ।

अस्पताल प्रशासनसँग बुझ्दा सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरीको शव परीक्षणका लागि अस्पतालमा राखिएको र ती किशोरीका परिवारले आइतबार झुक्किएर शव लिएको र सोही दिन अन्त्येष्टिसमेत गरिसकेको खुलेको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रञ्जित झाले शव राख्ने क्रममा 'कोडिङ' नगरिएका कारण कर्मचारीबाट गल्ती भएको स्वीकार गर्नुभएको छ । उहाँले भन्नुभयो, "यो अस्पताल प्रशासनको गम्भीर लापर्बाही हो, यसको छानबिन गरी दोषीलाई कारबाही गर्नेछौँ ।"

छोरीको अन्तिम पटक मुख देख्नसमेत नपाएपछि मृतकका बुबा पूर्णबहादुर बानियाँ भावविह्वल हुनुभएको छ ।

उहाँले भन्नुभयो, "छोरीलाई समयमै बचाउन सकिएन, सास हुँदा देख्न पनि पाइएन, कम्तीमा लास त हेर्न पाइएला कि भनेर अर्को देशबाट आयौँ तर अस्पतालको लापर्बाहीले त्यो पनि सम्भव भएन ।" शव हराएको विरोधमा आक्रोशित आफन्त र स्थानीयले इलाका प्रहरी कार्यालय गोलबजार घेराउ गर्नुका साथै लहान अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका छन् । त्यसक्रममा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरी दोषीलाई कारबाही र न्यायको मागसमेत गरेका छन् । इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार पीडित परिवार, अस्पताल प्रशासन र सरोकार भएका पक्षबीच वार्ताको तयारी भइरहेको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ । रासस

## आचारसंहिता....

को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफाअनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ ।

यसैगरी कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ ।

सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो ।

दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो । हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेस गरेको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिनुभयो ।

खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको स्पष्टीकरण चित्तबुझ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ ।

आयोगले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेस गरेको छैन ।

सरकार मातहतकै परिषद्लेसमेत आयोगलाई समयभित्र स्पष्टीकरण पेस नगरेको हो। रासस

## फेरि....

भन्ने अनुमान छ र तर प्रणाली कमजोर नै छ, ठूलो झरी भने छैन ।" यसले हिमाली र उच्च पहाडी क्षेत्रमा हिमपात तथा वर्षा गराउन सक्ने पनि उहाँले बताउनुभयो ।

यो प्रणाली आजराति पश्चिम नेपालबाट प्रवेश गर्ने र मङ्गलबार दिउँसोसम्ममा गण्डकी तथा लुम्बिनी प्रदेशसम्म फैलिने छ । त्यसपछि मङ्गलबार राति अझै बाक्लिएर बुधबारदेखि भने देशैभरि फैलिने विभागले जनाएको छ । त्यसले काठमाडौँमा समेत बदली हुने र बुधबार रातिदेखि विस्तारै हट्दै जाने पनि पौडेलले बताउनुभयो ।

**यस्तो छ चेतावनी**

विभागले आज राति सार्वजनिक गरेको मौसम बदलीसम्बन्धीको विवरणमा माघ १३ र १४ गते सबै प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा मध्यम हिमपात/वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यस्तै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका केही स्थानहरूमा मध्यम वर्षा तथा बाँकी भू-भागका थोरै स्थानहरूमा मध्यम वर्षाको सम्भावना रहेको उल्लेख छ । साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी तथा तराई भू-भागमा मेघगर्जन/चट्याङसहित वर्षाको समेत सम्भावना रहेको जनाइएको छ । त्यसको प्रभावले दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य साथै हवाई तथा सडक यातायातमा प्रभाव पर्ने देखिएकोले यस महाशाखाबाट दैनिक जारी हुने अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरिएको छ । रासस

## कर्तव्य....

हो। सो वादविवादमा ६०वर्षीय मुक्तिनाथ तिवारीको घटना स्थलमा नै मृत्यु भएको थियो। सो घटनामा वारदात पश्चाात भागी फरार रहेको दिनेश कुमार तिवारीलाई खोजतलास गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय पर्साको फैसला कार्यान्वयन टोली र इलाका प्रहरी कार्यालय पोखरीया पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले पर्सा पोखरीया नगरपालिका वडा नं. ४ स्थितबाट पक्राउ गरेको हो। उनीमाथि प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## महोत्तरीबाट....

पूर्वस्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्र यादव र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा रहनुभएको छ । पूर्वमन्त्री महेन्द्रकुमारले नेपाली कांग्रेसबाट, डा सुरेन्द्र जसपा नेपालबाट र भरतप्रसाद नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट चुनाव लड्दै हुनुहुन्छ । यस क्षेत्रबाट एमालेका उम्मेदवार निलम अधिकारी पनि चुनावी मैदानमा हुनुहुन्छ । रासस

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी फिर्तीको कारण सही नभएको डब्ल्युएचओ प्रमुखको दावी

*जेनेभा, १२ माघ*

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले शनिबार अमेरिकाले विश्वव्यापी स्वास्थ्य अनुगमनकारी संस्था (डब्ल्युएचओ)बाट पछि हट्नुपर्ने कारणलाई 'असत्य' भन्नुभएको छ ।

सामाजिक सञ्जाल एक्समा डब्ल्यूएचओ प्रमुख टेड्रोसले टिप्पणी गर्नुभयो, "यो कदमले संयुक्त राज्य अमेरिका र विश्वलाई 'कम सुरक्षित' बनाउनेछ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो दिन सन् २०२५ जनवरी २० मा संयुक्त राष्ट्रसङ्घको विशेष निकायबाट औपचारिक रूपमा बाहिरिने कार्यविधिमा हस्ताक्षर गर्नुभएको थियो । त्यसको दुई दिनपछि संयुक्त राष्ट्रसङ्घले औपचारिक सूचना प्राप्त गरेको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र अनुसार यो फिर्ती सूचना दिएको एक वर्षपछि लागू हुनेछ ।

डब्लुएचओको धेरै महान उपलब्धिहरूमा संस्थापक सदस्यको रूपमा संयुक्त राज्य अमेरिकाले गरेको योगदानको प्रशंसा गर्दै टेड्रोसले एक्समा गरेको पोस्टमा लेख्नुभएको छ, "दुर्भाग्यवस, डब्ल्यूएचओबाट बाहिरिने अमेरिकाको निर्णयको कारणमा सत्यता छैन ।" अमेरिकी कदमले अमेरिका र विश्व दुवैलाई सुरक्षित बनाउने र भविष्यमा डब्लुएचओमा सक्रिय सहभागितामा फर्कने आशा व्यक्त गर्नुभयो ।

डब्लुएचओले शनिबार एक विज्ञप्ति जारी गरी ट्रम्प प्रशासनले लगाएको आरोपको खण्डन गर्दै अमेरिकी फिर्तीप्रति खेद व्यक्त गरेको थियो । अमेरिकी फिर्तीले त्यस्ता मुद्दाहरू उठाउँछ, जुन डब्ल्यूएचओको कार्यकारी समितिले सन् २०२६ फेब्रुअरी २ मा सुरु हुने नियमित बैठकमा र मेमा हुने विश्व स्वास्थ्य सम्मेलनले आफ्नो वार्षिक बैठकमा विचार गर्नेछ ।

डब्लुएचओको एक प्रेस अधिकारीले सिन्ह्वासँग भन्नुभयो, "परिणामहरूको सामना गर्न डब्ल्यूएचओ सचिवालयले हाम्रा परिचालक निकायहरूको सल्लाह र मार्गदर्शनमा तदनुसार कार्य गर्नेछ ।" ती अधिकारीका अनुसार अमेरिकाले आफ्नो सदस्यता बक्यौता भुक्तान गर्न बाँकी छ । "आजसम्म, संयुक्त राज्य अमेरिकाले सन् २०२४ र सन् २०२५ को लागि आफ्नो मूल्याङ्कन योगदानको तोकिएको रकम भुक्तानी गरेको छैन," अधिकारीले भने अमेरिकास्थित नेसनल पब्लिक रेडियो (एनपीआर) ले रिपोर्ट गरेअनुसार यो दुई बर्षको कुल बक्यौता रकम लगभग २७८ मिलियन अमेरिकी डलर हुन आउँछ ।

## अमेरिकामा आंधीका कारण कम्तीमा १० जनाको मृत्यु

*वाशिङ्गटन, १२ माघ*

संयुक्त राज्य अमेरिकाका विभिन्न भागहरूमा आएको एक भयानक आँधीले कम्तिमा १० जनाको ज्यान लिएको छ । आँधीका कारण सार्वजनिक यातायात सेवा, उडान सेवा रद्द र बिजुली कटौती भएको छ । आँधीको असर सोमबारसम्म अत्यधिक देखिने बताइएको छ ।

आँधीबेहरीसँगै परेको व्यापक हिम बर्षाले देशका अधिकांश भूभाग प्रभावित भएको भन्दै आर्कटिक हावाको प्रभाव धेरै दिनसम्म रहँदा सामान्य जनजीवन लामो समय (केही दिन) सम्म प्रभावित हुनसक्ने बताइएको छ ।

अमेरिकी राष्ट्रिय मौसम सेवा (एनडब्ल्यूएस) ले अमेरिकीहरूलाई सोमबार बिहानसम्म मौसममा कुनै सुधार नआउने बताएको छ ।

न्यूयोर्कका मेयर जोहरान ममदानीले सप्ताहन्तमा चिसो तापक्रमबीच पाँच जना मृत फेला परेको बताउनुभएको छ। यद्यपि, उहाँले मृत्यु मौसमसँग सम्बन्धित भएको पुष्टि गर्नुभएन । उहाँले पत्रकारहरूसँग भन्नुभयो, "यसपहिले यति अत्यधिक चिसोको मलाई सम्झना छैन ।"

टेक्सासमा हिउमा चिप्लिएर खेल्ने खेल (स्लेजिङ) दुर्घटनामा एक १६ वर्षीया किशोरीको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन् । लुइजियानामा अत्यधिक चिसो (हाइपोथर्मिया) का कारण दुई जनाको मृत्यु भएको यहाँको स्वास्थ्य विभागले जनाएको छ ।

'पावर आउटेज डट कम' नामक विद्युत सेवा अवरूद्धताबारे जानकारी दिने 'साइट'मा आइतबार रातिसम्म आँधीबाट बढी प्रभावित क्षेत्रमा आठ लाख ४० हजारभन्दा बढी ग्राहकहरू विद्युतको सेवाबाट बञ्चित भएको उल्लेख गरिएको छ । लुइसियाना, मिसिसिपी र जर्जियामा पनि करिब तीन लाख मानिस आँधीबेहेरीका कारण सामना गर्नुपरेको विद्युत कटौतीबाट प्रभावित भएका छन् ।

अमेरिकाको सङ्घीय राजधानी वासिङ्टनले कम्तिमा २० राज्यमा सङ्कटकाल घोषणा गरेका छन् ।

वाशिङ्गटनका बासिन्दाहरू विहान उठ्दा फुटपाथ र सडकहरूमा धेरै इन्च हिउँले ढाकिएको पाइएको बताएका छन् । संघीय कार्यालयहरू सोमबारका लागि अघिल्लो दिनको मौसमी खरावीसम्बन्धी सूचनापछि बन्द गरिएको छ ।

वाशिङ्गटन, फिलाडेल्फिया र न्यूयोर्कका धेरै प्रमुख विमानस्थलमा लगभग सबै उडानहरू रद्द भएका छन् । शनिबारदेखि देश भित्र आउने र बाहिरजाने १९ हजारभन्दा बढी उडानहरू रद्द भएका बताइएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा भन्नुभएको छ, "हामी यस आँधीबेहरीको बाटोमा सबै राज्यहरूसँग निगरानी र सम्पर्कमा रहनेछौँ। सुरक्षित र न्यानो रहनुहोस् !" रासस

## जापानका प्रधानमन्त्री ताकाइचीको लोकप्रियता दरमा कमी

*टोकियो, १२ माघ*

जापानी मतदाताहरूले प्रधानमन्त्री साने ताकाइचीको हालैको कर कटौतीको प्रतिज्ञा कसरी कार्यान्वयन हुने भन्ने प्रश्नमा उहाँको स्पष्ट जवाफ नआएको कारण उहाँको लोकप्रियता दरमा कमी आएको छ ।

निक्केई पत्रिकाको सप्ताहन्तमा गरिएको सर्वेक्षणका अनुसार राष्ट्रवादी नेताको सरकारको अनुमोदन दर डिसेम्बरमा ७५ प्रतिशतबाट ६७ प्रतिशतमा झरेको छ । गत अक्टोबरमा उहाँले पदभार ग्रहण गरेयता पहिलो पटक उहाँको लोकप्रियता दर ७० प्रतिशतभन्दा तल झरेको हो ।

सन् २०२४ अक्टोबरमा चार वर्षको कार्यकालका लागि भएको पछिल्लो तल्लो सदनको चुनावको एक वर्षपछि ताकाइचीले अचानक फेब्रुअरी ८ का लागि मध्यावधि चुनाव घोषणा गरेकोमा आलोचनाको सामना गर्नुपरेको छ ।

सोमबार उहाँ विपक्षी नेताहरूसँग आफ्नो नीतिहरूबारे छलफल गर्न टेलिभिजन प्यानल छलफलमा सामेल हुने कार्यक्रम तय भएको छ । जापानको पहिलो महिला प्रधानमन्त्री ताकाइचीले आफू र आफ्नो नयाँ गठबन्धन सरकारलाई जनताको समर्थन पुष्टि गर्न चुनाव आवश्यक रहेको बताउनुभएको छ ।

तीन महिनाअघि उहाँको नियुक्तिपछि ताकाइचीले शक्तिशाली तल्लो सदनमा झिनो बहुमत प्राप्त गर्न आफ्नो सत्तारुढ 'लिबरल डेमोक्र्याटिक पार्टी' र 'जापान इनोभेसन पार्टी (जेआइपी)' बीच गठबन्धन बनाउन सङ्घर्ष गर्नुपरेको थियो । सम्भावित जितले उहाँलाई बलियो जनादेश दावी गर्न अनुमति दिनेछ यद्यपि एलडिपी आफैँले कम अनुमोदन दर र घोटालाहरूको श्रृङ्खलासँग जुधिरहेको छ ।

उहाँको चुनावी अभियानको प्रतिबद्धतामध्ये दुई वर्षका लागि खाद्यान्नमा उपभोग कर छुट दिने, विभिन्न करहरू कटौती गर्ने विपक्षीहरूको वाचामा सामेल हुनु हो, तर उहाँले यसको लागि कसरी बजेट व्यवस्थापन गर्ने भन्ने विवरण दिनुभएको छैन । नयाँ निक्केई सर्वेक्षणमा ५६ प्रतिशत उत्तरदाताले खाद्यान्नमा शून्य कर उठाउँदा पनि मूल्यवृद्धिविरुद्धको अभियान प्रभावकारी हुने विश्वास नगरेको बताएका उक्त पत्रिका पत्रिकाले भनेको छ ।

उदारवादी माइनिची शिम्बुनले गरेको यस्तै सप्ताहन्तको सर्वेक्षणले पनि डिसेम्बरमा देखिएको ६७ प्रतिशतबाट ताकाइचीको अनुमोदन दर ५७ प्रतिशतमा झरेको देखाएको छ । रासस

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक SAJHEDARI NATIONAL DAILY


# जसपा उम्मेदवार यादवले गरे जनतासंग भेटघाट

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) का तर्फबाट प्रतिनिधि सभा सदस्य पदका लागि बारा क्षेत्र नम्बर ३ का उम्मेदवार रामबाबुकुमार यादवले सोमबार पनि जनतासंग भेटघाट गरेका छन्। कलैया उपमहानगरपालिका वडा नम्बर ८ खपरत्ततामा मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो पक्षमा भारी मतदान गर्न आग्रह गरेका छन्।उनले क्षेत्रका विभिन्न वडाहरूमा घरदैलो, टोल तथा सार्वजनिक भेलाहरूमा सहभागिता जनाएका हुन्।



*घरदैलो गर्दै यादव।* **फोटोः साझेदारी**

# विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा साह

*साझेदारी संवाददाता*
*कलैया, १२ माघ*

रमेश प्रसाद साह अध्यक्ष रहने गरी कलैया उपमहानगरपालिका वडा नम्बर ३ भवानिपुरस्थित श्री जनता माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

बिधालय सम्पन्न अभिभावक भेलाले सोमबार समिति गठन गरेको हो।समितिका सदस्यहरूमा अशिक महम्मद मिया, प्रतिमा कुश्वाहा, सुभावती पटेल, समाजसेवी तथा शिक्षा प्रेमी संजय कुशवाहा र जग्गा दाता तथा चन्दादाता प्रमिला देवी अहिरिन रहेको जनाइएको छ।

उक्त विद्यालयमा १२ वर्ष देखि विद्यालय व्यवस्थापन समिति थिएन।



*विद्यालय व्यवस्थापन समिति गठन गरिदै।* **फोटोः साझेदारी**

# आचारसंहिता उल्लंघन गरेको उजुरीका आधारमा आयोगद्वारा धमाधम स्पष्टीकरण माग

*काठमाडौँ, १२ माघ*

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार, सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ।

यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले राससलाई जानकारी दिनुभयो। आयोगले काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहनुभएका वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो। दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको उहाँले बताउनुभयो।

काठमाडौँ जिल्ला क्षेत्र नं ४ का उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४

**बाँकी तेस्रो पृष्ठमा**

## सहिदप्रति सम्मान गरौं

- सहिद राष्ट्रिय गौरव हुन्।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं।
- देश प्रेम र एकताको भावना जागृत गराऔं।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं।

*सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# "जेनजी आन्दोलन" को पृष्ठभूमि तत्कालीन एमाले नेतृत्वको सरकारका कारण सिर्जना भएको : भरत साह

*रञ्जन यादव*
*डुमरवाना, १२ माघ*

नेपाली कम्युनिस्ट पार्टीबाट बारा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा उम्मेदवार भरत साहले 'जेनजी आन्दोलन'को पृष्ठभूमि तत्कालीन एमाले नेतृत्वको सरकारका कारण सिर्जना भएको दाबी गरेका छन्। उनले सोही सरकारका तर्फबाट भोट माग्न आउने प्रतिनिधिलाई जनताले अस्वीकार गर्दै गाउँ-गाउँबाट लखेटेर पठाउनुपर्ने अभिव्यक्ति दिएका छन्।

बारा क्षेत्र नं. ३ को क्षेत्रीय भेला जीतपुरसिमरा उपमहानगरपालिका-१८ बडहर्वामा सम्बोधन गर्दै साहले जेनजी आन्दोलन कुनै आकस्मिक घटना नभई सरकारको गलत नीति, दमनकारी सोच र जनविरोधी निर्णयहरूको प्रतिफल भएको बताए। उनका अनुसार भ्रष्टाचार नियन्त्रणमा असफलता, जनचाहनाअनुसार काम गर्न नसक्नु तथा सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धले जनताको सहनशीलताको सीमा नाघेको थियो, जसका कारण युवाहरू आन्दोलनमा उत्रन बाध्य भए।



*कार्यक्रममा बोल्दै उम्मेदवार साह।* **फोटोः साझेदारी**

उनले त्यसबेला सरकारमा सहभागी रहेको नेपाली कांग्रेसले समेत जनताको पक्षमा स्पष्ट र जिम्मेवार भूमिका निर्वाह गर्न नसकेको टिप्पणी गरे। जनताको आवाज सुन्ने सट्टा सत्ता स्वार्थमा केन्द्रित दलहरूलाई अब बाइपास गर्दै, भोट माग्न आउने तिनका प्रतिनिधिहरूलाई गाउँ-गाउँबाट लखेटेर अघि बढ्नुपर्ने समय आएको उनको भनाइ थियो।

कार्यक्रममा साहले आगामी निर्वाचनलाई जनविरोधी शासन, भ्रष्टाचार र दमनको विरुद्ध जनताले दिने ऐतिहासिक अवसरका रूपमा चित्रण गरे। युवाको नेतृत्व, पारदर्शी शासन र जनउत्तरदायी राजनीतिमार्फत मात्र देशको वास्तविक परिवर्तन सम्भव हुने भन्दै उनले जनतालाई सचेत र निर्णायक भूमिका निर्वाह गर्न आग्रह गरे।

क्षेत्रीय भेलामा स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।

## देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ, बारा
मधेश प्रदेश, नेपाल

## विज्ञापन रद्द गरि पुन: पदपूर्तिको लागि विज्ञापन गरिएको सूचना।

*प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१३ गते*

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०९/२५ गतेमा साझेदारी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा वि.नं. ९/०८२/०८३ मा नगर प्रहरी सहायक हवलदार पदको विज्ञापन भएको तर देवताल नगर प्रहरी ऐन, २०८२ मा सो पद नभई नगर प्रहरी हवलदार पद भएकोले सो पदको लागि प्रकाशित भएको विज्ञापन रद्द गरएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

नगर प्रहरी हवलदार सेवा करारमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेको उम्मेदवारहरुले देवताल गाउँपालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्ने हुन्छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

| क्र.स. | विज्ञापन नं. | पद | न्यूनतम शैक्षिक योग्यता | संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १ | १२/०८२/०८३ | नगर प्रहरी हवलदार | SLC/SEE वा सो सरह उतिर्ण | १ | ७०० |

**प्रथम चरण** : साधारण स्वास्थ्य परिक्षण, शारिरिक परीक्षण तथा शारिरिक तन्दुरुस्ती परीक्षण
**द्वितीय चरण** : लिखित परीक्षा र अन्तरवार्ता।
प्रथम परीक्षा उतिर्ण भएको उम्मेदवारहरुले मात्र द्वितीय चरणको परीक्षामा संलग्न गराइनेछ।
**दरखास्त दिने अन्तिम मिति** : २०८२/१०/१९ गते कार्यालय समय भित्र।
**परीक्षा मिति र केन्द्र** : देवताल गाउँपालिकाको कार्यालय पिप्राढी गोठ, बारा।
**उम्मेदवारको उमेरको हद :**
**नगर प्रहरी हवलदार पदकोहकमा** : दरखास्त दिन अन्तिम मिति सम्म १८ बर्ष पूरा भई ३७ वर्ष ननाघेको नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भई सकेको नगर प्रहरी हवलदार पदकोहकमा ५० बर्ष उमेर ननाघेको हुनुपर्नेछ।
**आवेदन दस्तुर बुझाउने स्थान** :- देवताल गाउँपालिकाको राजश्व शाखामा।
**दस्तखत दिने स्थान** :- देवताल गाउँ कार्यपालिकाको कार्यालय पिप्राढी गोठ, बारा।
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, हालसालै खिचिएको फोटो ३ प्रति, तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, अन्तराष्ट्रिय शिक्षण संस्थाबाट अध्ययन गरेको खण्डमा नेपाल सरकारको बाट समकक्षता प्रमाणपत्रको प्रतिलिपि।
**पाठ्यक्रम** :- देवताल नगर प्रहरी सम्बन्धी ऐन, २०८२ मा तोकिएको पाठ्यक्रम अनुसार।
प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता लगायत अन्य जानकारीको लागि देवताल गा..पा.को सूचना पाटी तथा वेबसाईट (www.devtalmun.gov.np) प्राप्त गर्न सकिनेछ।
*नोट : अन्य जानकारीको लागि प्रशासन शाखा शाखा वा मो नं. ९८५५०४८६३९ मा सम्पर्क गर्नु हुन अनुरोध छ।*

**कृष्ण नन्दन राय**
*प्रमुख प्रशासकिय अधिकृत*

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं।
देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश